नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल, काठमाडौं, नेपाल

फोन नं. :- ९७७-०१-५९७१३०१
Email: - darta@ppmo.gov.np
Website: - www.ppmo.gov.np

प.सं.:- ०८२/८३ (खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा)
च.नं.:- M९|१३९

मिति:२०८२/०४/१९

श्री सार्वजनिक निकायहरू,
सबै ।

## संयुक्त उपक्रमका नाम प्रकाशन सम्बन्धी सूचना

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद कारबाहीमा संलग्न हुने बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायले आशयको सूचना, खरिद सम्झौता गर्ने सूचना लगायत सूचना दिनुपर्ने व्यवस्था छ । यस सन्दर्भमा, दुई वा दुईभन्दा बढी कम्पनी वा फर्महरू बीच प्रचलित कानुन बमोजिम संयुक्त उपक्रम (ज्वाइन्ट भेञ्चर) भई खरिद कार्यमा सहभागी हुँदा खरिद प्रक्रियामा दिइने माथि उल्लिखित विभिन्न सूचनामा संयुक्त उपक्रमको संक्षिप्त नाममात्र प्रकाशित हुँदा अस्पष्टता र अन्योलता सृजना हुने देखिएकोले त्यस्ता सूचना प्रकाशन गर्दा संयुक्त उपक्रमका कम्पनीहरूको पूरा नाम स्पष्ट हुने गरी सूचना प्रकाशन गर्न यस कार्यालयको मिति २०८२।०४।१९ को (सचिवस्तर) निर्णयानुसार सबै सार्वजनिक निकायहरूमा अनुरोध छ ।

उदाहरणको लागि — "सार्वजनिक निकायले छोटकरीमा JNS-DNS-BNS JV उल्लेख गर्ने गरेको । यसबाट अन्य निर्माण कम्पनीसित समेत छोटकरी मिल्न जाँदा कतिपय बोलपत्र सम्बन्धी काम कारबाहीमा अन्योलता देखिएको । माथि उल्लिखित छोटकरीको नामसँग पूर्ण नाम JNS लाई Janakpur Nirman Sewa, DNS लाई Dharan Nirman Sewa र BNS लाई Birat Nirman Sewa JV भनी स्पष्ट साथ उल्लेख गर्ने ।"

२०८२/०४/१९

(अद्वैत राम भण्डारी)
इन्जिनियर